**सम्वत् २०८१ साल वैशाख २७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश सभाको चौधौं अधिवेशन विक्रम सम्वत् २०८१ साल वैशाख ३१ गते सोमवार अपराह्न १:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. २ स्थायी ठेगाना भएका डा. दिपेन्द्र श्रेष्ठलाई प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा नियुक्ति गर्ने। |
| ३. | "नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने"। |
| ४. | "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१" स्वीकृत गर्ने। |
| ५. | "प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्को कार्यालय स्थापना हुने स्थान, सङ्गठन तालिका, दरबन्दी तेरिज, कार्यविवरण, छाप एवम् साइनबोर्ड" स्वीकृत गर्ने। |
| ६. | हात्तीसुँडे-शिखरपुर-अम्वास-सडक, मकवानपुर आयोजनामा पर्ने वन क्षेत्रको जग्गा प्राप्त गर्न तथा रुख कटान गर्ने स्वीकृतिको लागि वन ऐन, २०७६ को दफा ४२ (३) बमोजिम नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ७. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF), कार्यक्रम कार्यान्वयन इकाईको कार्यालयको ठेगाना भक्तपुर कायम गर्ने। |
| ८. | "खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०८१ साल वैशाख २३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८१ साल वैशाख १२ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश सभाको तेह्रौं अधिवेशन मिति २०८१ वैशाख १२ गते बुधवार राति १२:०० बजे देखि अन्त्य गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | जिल्ला अदालत मकवानपुरको भवन उद्घाटन तथा अन्तरक्रिया कार्यक्रम व्यवस्थापनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको विभिन्न दिवस समारोह मनाउने शीर्षकमा विनियोजित बजेटबाट पाँच लाख रुपैयाँ जिल्ला अदालत, मकवानपुरलाई रकमान्तर गरी खर्च गर्न अख्तियारी दिने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको विपद् व्यवस्थापनका लागि कृत्रिम अभ्यास कार्यक्रम अन्तर्गत विनियोजित बजेटमध्ये कुल रु. ३०(तीस) लाख रकम गोताखोर तालिम सञ्चालन गर्ने प्रयोजनार्थ सशस्त्र प्रहरी बल नेपाल नं. ३ गढीमाईलाई अख्तियारी प्रदान गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको विपद् व्यवस्थापनका लागि स्वयंसेवक समूह निर्माण तथा परिचालन कार्यक्रम अन्तर्गत विनियोजित रकम रू. ५० लाख (पचास लाख मात्र) बजेट मध्येबाट प्रदेश भित्रका ११ स्थानीय तहहरूलाई प्रति स्थानीय तह ४ लाख २५ हजारका दरले रकम उपलब्ध गराउन अख्तियारी प्रदान गर्ने। |
| ५. | स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम स्वीकृत गर्ने । |
| ६. | बागमती प्रदेशका सरकारी कार्यालय, पदाधिकारी तथा कर्मचारीको कार्यकक्षको स्तरीकरण सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने। |
| ७. | लैङ्गिक तथा यौनिक अल्पसंख्यकसम्बन्धी नीति, २०८१ स्वीकृत गर्ने। |
| ८. | आर्थिक वर्ष २०७८/७९ मा सार्वजनिक निर्माण कार्यान्वयन इकाई, गजुरी धादिङबाट भुक्तानी हुन बाँकी रकम रु.१९,२०,०००/- (माडी फुटबल मैदान निर्माण उपभोक्ता समितिलाई रु.९,६०,०००/- र गोदावरी व्यायामशाला निर्माण उपभोक्ता समितिलाई रु.९,६०,०००/-) तथा सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलान्चोकबाट खेलकुद मैदान संरक्षण उपभोक्ता समिति, धुलिखेललाई भुक्तानी हुन बाँकी रू.९,४३,०००/- चालू आ.व.२०८०/८१ मा सम्बन्धित कार्यालयमा नियमानुसार जम्मा रहेको कन्टिन्जेन्सी बापतको रकम मध्येबाट निकासा गर्ने। |
| ९. | "प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) नियमावली, २०८१" स्वीकृत गर्ने। |
| १०. | बागमती प्रदेशमा सरकारी भवन तथा सरकारी अनुदान प्राप्त सामुदायिक भवन निर्माण गर्दा स्वदेशमा उत्पादन भएका काठ अनिवार्य रूपमा प्रयोग गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| ११. | बागमती प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गर्ने |
| १२. | (क) मिति २०८१ साल वैशाख २४ गतेका दिन बागमती प्रदेशमा प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० लागू हुने दिनलाई प्रदेश भाषा दिवसको रूपमा मनाउने।<br>(ख) प्रदेश भाषा दिवसका अवसरमा विभिन्न कार्यक्रम सञ्चालन गर्न नेपाल तामाङ घेदुङ, सङ्घीय कार्य समिति, सङ्घीय सचिवालय, काठमाडौंलाई रु. १०,००,०००/- (दश लाख) र नेवाः देय् दबू, केन्द्रीय समिति, का.म.न.पा.-१२, काठमाडौंलाई रु. १०,००,०००/- (दश लाख) अनुदान रकम उपलब्ध गराउन आर्थिक मामिला तथा योजना मन्त्रालयले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयलाई बजेट निकासा दिने। |
| १३. | नेपाली भाषाको अतिरिक्त तामाङ्ग भाषा र नेपाल भाषालाई बागमती प्रदेशको प्रदेश सरकारी कामकाजको भाषाको रूपमा लागू हुने दिनको अवसरमा वि.सं. २०८१ साल वैशाख २४ गते सोमवार बागमती प्रदेशका सम्पूर्ण सरकारी कार्यालयहरूमा सार्वजनिक बिदा |